जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १७५ २०८२ साल माघ २८ गते बुधबार (11 Feb 2026 Wednesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र : २ पृष्ठमा : निर्वाचनमा मतदाताको जिम्मेवारी ... ३ पृष्ठमा : भ्रष्टाचार नियन्त्रणमा ... ३ पृष्ठमा : जापानमा भारी हिमपात, ...

## काँग्रेसले चुनाव होइन, चुनावले काँग्रेसलाई खोजेको हो : काँग्रेस सभापति थापा



**दैनिक समाचारदाता**
**राजविराज, २७ माघ ।**

नेपाली काँग्रेसका सभापति गगन कुमार थापाले चुनावले चुनाव होइन चुनावले काँग्रेसलाई खोजेको बताएका छन् ।

कार्यकर्ता भेटघाट तथा अन्तरक्रिया गर्न मंगलबार सप्तरी आइपुगेका उनले यस्तो बताएका हुन् । उनले जेनजी पुस्ताको माग सम्बोधनका लागि निर्धारित समय भन्दा पहिले चुनाव भएको भन्दै माघ १ पछी नेपालमा काँग्रेस नै नयाँ पार्टी भएर उदय भएको दाबी समेत गरे । उनले आफु मधेशको नेता बन्न नभएर बेटा बन्न मधेशमा आएको समेत बताए ।

सप्तरीको निर्वाचन क्षेत्र नं. ३ स्थित शम्भुनाथ नगरपालिकाको कठौना बजारमा आयोजित कार्यकता भेटघाटलाई सम्बोधन गर्दै उनले चुनावपछि बन्ने काँग्रेसको सरकारले भ्रष्टाचारविरुद्ध लाग्ने दावी गर्दै निर्वाचनपछि बन्ने काँग्रेस नेतृत्वको सरकारले प्रत्येक महिनाको काम विवरण समेत सार्वजनिक गर्ने उद्घोष गरे ।

विगतमा मधेशले काँग्रेसलाई धेरै गुण लगाएको भएपनि हामी केही कुरामा चुकेको हुँदा त्यसको हिसाव किताव गरेर मधेशप्रति आफुलाई समर्पित गर्न यहाँ आएको उल्लेख गरे ।

यसअघि उनले क्षेत्र नं. १ स्थित कञ्चरुप नगरपालिकामा नेता तथा कार्यकर्तालाई सम्बोधन गर्दै काँग्रेसको सभापति भएर देशको नेतृत्व गर्ने हो भने एकपटक मधेशको नेतृत्व गरेर मात्रै सम्भव हुने धारणा राखे ।

"मधेशको नेतृत्व गरे मात्रै देशको नेतृत्व सम्भव छ" भन्नुभयो,"काँग्रेस नेतृत्वको सरकारले सिंहदरबारमा काम गर्दै गर्दा मधेशको बारे सोचेर काम गर्नेछ ।" उनले भने, "देश चलाउन केवल जोश भएर नहुने भन्दै उहाँले, सुझबुझ, प्रतिज्ञा, करुणा, दया पनि आवश्यक छ ।"

सर्लाही निर्वाचन क्षेत्र नं. ४ बाट उम्मेदवार समेत रहेका

*बाँकी अन्तिम पृष्ठमा*

## एक करोड ३७ लाख ९१ हजार मतपत्र छापिए

काठमाडौं, २७ माघ (रासस) ।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ४७ जिल्लाका ११० निर्वाचन क्षेत्रका एक करोड ३७ लाख ९१ हजार मतपत्र छापिएका छन् ।

निर्वाचन आयोगका अनुसार डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत, बर्दघाट सुस्ता पश्चिम (नवलपरासी), मोरङ, उदयपुर, मुस्ताङ, लमजुङ, तनहुँ, स्याङ्जा, बर्दिया, रुकुम पूर्व, दाङ र बाँकेका मतपत्र छापिएका हुन् । दैनिक १५ लाख मतपत्र छपाइ भइरहेको छ ।

यसैगरी, समानुपातिक निर्वाचन प्रणालीतर्फ दुई करोड आठ लाख ३० हजार मतपत्र छापिइसकेका छन् । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्नेछ ।

## घण्टी बजाउँदै बालेनले गरे बजार क्षेत्र परिक्रमा



**दैनिक समाचारदाता**
**राजविराज, २७ माघ ।**

राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन साह चुनावी अभियानका क्रममा मंगलवार सप्तरी पुगेका छन् । उनी जिल्लाको चार वटै निर्वाचन क्षेत्रको प्रमुख बजारमा रोड शो गरेका छन् ।

उनी पार्टीको सम्पर्क कार्यालयहरुमा समेत पुगेर पार्टीका तर्फबाट चुनावी प्रतिस्पर्धामा रहेका उम्मेदवार, स्थानीय नेता/कार्यकर्ता तथा सर्मथकसंग संक्षिप्त छलफल गरेका छन ।

सर्मथकहरुको सडकमा उर्लेको भीडका कारण सुरक्षा चुनौती देखिएपछि सेना, सशस्त्र र नेपाल प्रहरी परिचालित भएका थिए । उनी सप्तरी सुदरमुकाम राजविराजका साथै जिल्लाको चार वटै निर्वाचन क्षेत्रमा पर्ने फत्तेपुर, कंचनपुर, भारदह, हनुमाननगर, पातो, बोदेवर्साइन लगायतका प्रमुख बजारमा रोड शो गरेका छन ।

सो क्रममा स्वागतका लागि सडक किनारमा उभिएका सर्वसाधारण हात हल्लाएर स्वागत गरेका थिए ।

उनको प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता भगवती मन्दिरमा पुजा पाठ तथा राजविराज स्थित गजेन्द्र चोकमा माल्यार्पण गर्ने कार्यक्रम समेत तय गरिएको थियो । तर भीड तथा सुरक्षा चुनौतीलाई ध्यानमा राखी अन्तिम समयमा सो कार्यक्रम रद्ध गर्नु परेको रास्वपा सप्तरीले जनाएको छ ।

यद्यपी नगरपरिक्रमाका क्रममा उनले गाडी बाटै गजेन्द्रनाराण सिंहको सालिक तर्फ माला उचालेर सम्मान प्रकट गरेका थिए । झापाको क्षेत्र नं. ५ बाट उम्मेदवार समेत रहेका साह आफ्ना उम्मेदवारको पक्षमा माहोल बनाउन अहिले देश दौडहामा छन ।

## मधेशवादका प्रणेता स्व. सिंहप्रति सम्मान



**दैनिक समाचारदाता**
**राजविराज, २७ माघ ।**

सप्तरीका दुई उम्मेदवारले मंगलबार साँझ राजविराजस्थित गजेन्द्र चौकमा स्व. गजेन्द्रनारायण सिंहको शालिक सरसफाई, माल्यार्पण तथा दिप प्रज्वलन गरी सम्मान व्यक्त गरेका छन् ।

मधेशवादका प्रणेताका रुपमा चिनिएका स्व. सिंहप्रति उच्च सम्मान स्वरुप स्वाभिमान पार्टीका क्षेत्र नं. १ का उम्मेदवार ई. सुमित साह र क्षेत्र नं. २ का उम्मेदवार सतिश सिंहले स्वं सिंहको शालिक सरसफाई, माल्यार्पण तथा दिप प्रज्वलन गरेका हुन् ।

स्वाभिमान पार्टीका उम्मेदवारद्वय सुमित र सतिशले स्व. सिंहको अपमान भएको भन्दै आफुहरुले सम्मान स्वरुप शालिकमै पुगेर सरसफाई, माल्यार्पण तथा दिप प्रज्वलन गरेको बताएका छन् ।

यसअघि मंगलबारै विहान पुगेका रास्वपाका वरिष्ठ नेता बालेन शाहले समर्थकहरुको अत्याधिक भीड रहेका कारण देखाउँदै स्व. सिंहको शालिक अगाडी गाडीबाटै शालिक तर्फै माला फालेर स्व. सिंहलाई अभिवादन गर्दै अघि बढ्नु परेको रास्वपाका नेताहरुले प्रतिक्रिया दिएका थिए ।

**निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा।**

❖मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं।
❖तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं।
❖मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरुलाई पनि जानकारी गराऔं।
❖महिला, वृद्धवृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं।
❖निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरुलाई पनि जानकारी गराऔं।
❖आचारसंहिता उल्लघंन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं।
❖कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं/नपारौं।

**निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौ र गराऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# निर्वाचनमा मतदाताको जिम्मेवारी र भूमिका

**कृष्णहरि बास्कोटा**

काठमाडौँ, २७ माघ (रासस)।

आगामी फागुन २१ गते प्रतिनिधिसभाका सदस्यको निर्वाचन हुँदैछ। नेपालको वर्तमान संविधानको धारा, २४५ र २४६ मा निर्वाचन आयोगको गठन र काम कर्तव्यबारे उल्लेख छ। यो संवैधानिक आयोग हो। यो सरकार मातहतको निकाय नभएर अधिकार सम्पन्न स्वतन्त्र निकाय हो। यसले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्सनीय निर्वाचन गराउँछ।

यसर्थ, १८ वर्ष उमेर पुगेका आम मतदाताले निर्वाचन आयोगले सम्पन्न गराउने निर्वाचनमा सहभागी भई नागरिकको कर्तव्यपालना गर्नुपर्छ। निर्वाचन आयोगको मुख्यालय काठमाडौँमा छ। सातै प्रदेश र ७७ वटै जिल्लामा यसका कार्यालयहरू छन्। यसर्थ, आफूलाई द्विविधा भएको विषयमा ती कार्यालयमा सम्पर्क राख्न सकिन्छ।

आयोगले सञ्चालन गरेको 'कल सेन्टर' र आयोगको 'वेबसाइट'बाट पनि भरपुर सूचना हासिल गर्न सकिन्छ। आगामी फागुन २१ गते प्रतिनिधिसभाका २७५ जना सदस्य छनोटका लागि निर्वाचन हुँदैछ। यसमा ७७ जिल्लाबाट १६५ जना प्रत्यक्ष रूपमा निर्वाचित हुन्छन् भने ११० जना समानुपातिक निर्वाचनबाट निर्वाचित हुने कानुनी व्यवस्था छ। यसरी हामी मतदाताले एकै पटक प्रत्यक्ष र समानुपातिक गरी दुईवटा मतपत्रमा आफ्नो मत हाल्नुपर्छ।

प्रत्यक्षतर्फको मतदानबाट सर्वाधिक मत ल्याउने उम्मेदवार विजयी हुन्छन् तर समानुपातिकतर्फ राजनैतिक दलको चुनाव चिह्नमा मत खसाएपछि सो को राष्ट्रियस्तरमा मतगणना भई मत सङ्ख्याका आधारमा समानुपातिक तर्फका उम्मेदवार निर्वाचित हुन्छन्। यसरी हामी मतदाताले एउटा मतपत्रमा प्रत्यक्षतर्फ मतदान गरी आफूले मतदान गरेको उम्मेदवार विजयी भए वा पराजित भए भनी मत गणनापछि जानकारी पाउछौँ।

समानुपातिक तर्फको मतदानबाट कुन उम्मेदवार विजयी भए वा कुन उम्मेदवार पराजित भए भनी मतदातालाई प्रत्यक्ष जानकारी हुँदैन। तर, निर्वाचनपछि निर्वाचन आयोगले कुन दलबाट को-को समानुपातिक उम्मेदवार विजयी भए भनी जानकारी गराउँछ। यसरी प्रत्यक्ष निर्वाचनबाट हामी मतदाताले व्यक्तिको छनोट गर्दछौँ भने समानुपातिक मतदानबाट राजनैतिक दलको छनोट गर्दछौँ भनी हेक्का राख्नुपर्छ।

नेपालको नागरिकताको प्रमाणपत्र भएको व्यक्ति १८ वर्ष पूरा भएपछि निर्वाचन आयोगको प्रक्रियाअनुसार मतदाता नामावलीमा सूचीकृत हुनुपर्छ। यसपछि आफ्नो फोटोसहितको मतदाता परिचयपत्र बन्छ। आगामी फागुन २१ गतेको निर्वाचनमा मतदान गर्न जाँदा सोही परिचयपत्र लिएर जानुपर्छ। सामान्यतः मतदान गर्न जाँदा नागरिकताको प्रमाणपत्र, लालपुर्जा, सवारीचालक अनुमतिपत्र, आफू कार्यरत कार्यालयको परिचयपत्र वा राहदानी लिएर जानु पर्दैन।

निर्वाचन आयोगले जारी गरेको मतदाता परिचयपत्र समयमै खोजेर ठिक्क पार्नुपर्छ। तर मतदाता नामावलीमा नाम समावेश भएको र कुनै कारणवश मतदाता परिचयपत्र फेला नपरेमा माथिका पाँचवटामध्ये कुनै एउटा कागजातको सक्कलै लिएर जाँदा मतदान गर्न पाइने व्यवस्था छ। यस्ता कुराको जानकारीका लागि निर्वाचन आयोगले मतदाता जागरण कार्यक्रम सञ्चालन गर्छ। यसमा सहभागी भई निर्वाचनसम्बन्धी अधिक कुरा जान्नुपर्छ। यस्तो कार्यक्रममा सहभागी हुन नसके निर्वाचन आयोगको वेबसाइटबाट पनि आवश्यक सूचनाहरू सङ्कलन गर्न सकिन्छ।

निर्वाचनको दिन सवारीसाधन चलाउन पाइन्न। सो दिन सार्वजनिक यातायात सञ्चालन हुँदैन। यसर्थ, आफ्नो मतदान केन्द्र कहाँ परेको छ भनी मतदान हुनु पहिल्यै जानकारीमा राख्नुपर्छ। मतदान गर्ने समय बिहान ८ बजे आरम्भ भई बेलुकी ५ बजे समाप्त हुन्छ। यसर्थ, समयमै मतदाता परिचयपत्र लिएर मतदान केन्द्रमा पुग्नुपर्छ। त्यहाँ सर्वप्रथम आफ्नो नाम भिडाउनुपर्छ। महिला र पुरुषको लाइन भिन्दाभिन्दै हुन्छ। मतदानस्थलमा प्रवेश गर्ने द्वार र बाहिरिने ढोका फरक हुन्छ।

मतदान केन्द्रको वरिपरि होहल्ला गर्न निषेध हुन्छ। यसर्थ, मतदान गरिसकेपछि निवासमै फर्किनुपर्छ। मतदान गर्नुपूर्व औँलामा मसी लगाएर मतपत्र प्राप्त हुन्छ। सो मतपत्रमा निर्वाचन आयोगले दिएको स्वस्तिक छाप लगाई मसी लतपत नहुने गरी पट्याएर बाकसमा खसाल्नुपर्छ। आफूले मतदान गरेको कसैले पनि देख्दैनन्। त्यहाँ सिसी क्यामरा जडान भएको हुँदैन तर मतपत्र भने सबैले देख्ने गरी बाकसमा खसाल्नुपर्छ। यी सबै कार्यको फोटो खिच्न निषेध हुन्छ। यसर्थ, मतदानस्थलमा मतदाता परिचयपत्रको अलावा अन्य अनावश्यक सामग्री साथमा लिएर जानु हुँदैन। मतदानस्थलमा जाँदा आफूलाई मन परेको उम्मेदवार वा राजनैतिक दलको प्रचार हुने लुगा लगाउन वा कुनै प्रकारको सङ्केत गर्न पाइन्न। यसरी हरेक मतदाताले सभ्य नागरिकको परिचय दिन पछि पर्नु हुँदैन।

मतदान केन्द्रमा पूर्णत सुरक्षा प्रदान गरिएको हुन्छ। त्यहाँ स्वयम्सेवक खटिएका हुन्छन्। साथै, उम्मेदवारका प्रतिनिधि पनि हुन्छन्। निर्वाचनमा खटिएका कर्मचारीसमेत हुने हुँदा आवश्यक सहयोग लिन सकिन्छ। निर्वाचनमा कुन उम्मेदवार र राजनैतिक दल छान्ने भन्ने आफ्नो नैसर्गिक अधिकार हो। यसमा विवेक पुऱ्याएर मतदान गर्नुपर्छ। मतपत्रमा स्वस्तिक चिह्न प्रयोग गर्दा आफ्नो मत बदर नहुने गरी ध्यान पुऱ्याएर छाप हान्नुपर्छ। गोप्य मतदान केन्द्रमा हडबड नगरी समय लिनुपर्छ। यसमा कुनै समयसीमा तोकिएको छैन। मतदान गरेपछि वा गर्नुअघि आफन्त वा चिनजानका व्यक्तिसँग मतदानका विषयमा छलफल गर्न सकिन्छ। तर, मेरो मत यस उम्मेदवारमा जान्छ वा यस उम्मेदवारलाई मतदान गरेँ भनी सार्वजनिक रूपमा प्रकट गर्नु पर्दैन। यो भने पनि पुष्टि गर्ने आधार कसैसँग पनि हुँदैन। कारण स्वस्तिक चिह्न प्रयोग गरेको मतपत्र सार्वजनिक गर्न पाइन्न। मतपत्रमा स्वस्तिक चिह्न हानेपछि सोको फोटो खिच्न पनि पाइन्न। यी सबै कुरा आचारसंहिताभित्र पर्दछन्।

यहाँनेर एउटा प्रश्न उठ्छ, मतदान किन गर्ने ? सबै मतदान गर्न जाँदैनन्, म पनि नगए के फरक पर्ला ? यो गम्भीर प्रश्न हो। आम मतदाताले संविधान र कानुन एवं असल नागरिकको कर्तव्य भुल्नु हुँदैन। वर्तमान नेपालको संविधानले मुलुकको सार्वभौमसत्ता नेपाली जनताको काँधमा सुम्पिएको छ। यो भनेको आफ्नो शासन आफैँद्वारा आफैँलाई गर्ने हो। यस खातिर प्रतिनिधिसभालगायतको निर्वाचन हुन्छ। आगामी फागुन २१ गते प्रतिनिधिसभाका सदस्यहरूको निर्वाचन हुँदैछ। सो प्रतिनिधि सभाबाट प्रधानमन्त्रीको नियुक्तिका लागि मतदान हुन्छ। यसरी मुलुकको शासन सञ्चालनको जिम्मेवारी लिने जनप्रतिनिधिको छनोटमा हामी सबै सहभागी हुनुपर्छ। यो हरेक बालिग नागरिकको कर्तव्य हो।

निर्वाचनमा हुने फजुल खर्च हुने गरेको छ। यसमा सर्वसाधारण सजग हुनुपर्छ। राजनैतिक दल र उम्मेदवारको गतिविधिले घरभाडा वृद्धि हुन्छ। निर्वाचनको मुखमा अनावश्यक भ्रमण गर्दा यातायातको भाडा दर महङ्गो हुनसक्छ। यस बखत होटलका कोठा, रेष्टुरेन्ट र मोटर भाडा पनि महँगिन्छ। यसर्थ, आन्तरिक पर्यटनमा निस्किँदा यी कुराको पनि ख्याल गर्नुपर्छ। निर्वाचनको समयमा खाना, खाजा, माछा, मासु, खाद्य सामग्रीको खपत पनि बढ्छ। माग र आपूर्तिको सामञ्जस्यता नमिल्दा केही मूल्य वृद्धि हुन सक्छ। यसर्थ, यस्ता घरायसी खपतका सामानको पनि समयमै जोहो गर्नु बुद्धिमानी हुनेछ। यसबखत तुल, कपडा, ल्फ्रेक्स, पर्चा, पोष्टर, पम्प्लेट कागज, छपाइ, मुद्रण, विज्ञापन, होडिङबोर्डको खपत पनि बढी नै हुन्छ। यसर्थ, निर्वाचनकै मुखमा पर्ने गरी सङ्घसंस्थाले कार्यक्रम नगर्नु नै उचित हुन्छ। कैयौँ सरकारी कार्यक्रमहरू आचारसंहिताको कारण गर्न नपाइने पनि हुन्छ। विशेषगरी, निर्वाचनको समयमा मदिरा, चुरोट, स्थानीय रक्सी, जाँडलगायतका वस्तु पनि बढी नै खपत हुने गरेको छ। सामान्यतः यस्ता वस्तुको सेवन र उपयोग त्याग्नु नै उत्तम हुनेछ।

अन्त्यमा, आगामी फागुन २१ गते प्रतिनिधिसभामा सदस्यहरूका लागि हुन गइरहेको प्रत्यक्ष र समानुपातिक निर्वाचनका लागि निर्वाचन आयोग र सरकारले विशेष पहल गरिरहेको छ। यसमा सघाउनु आम नागरिकको कर्तव्य हो। यथार्थमा निर्वाचनको कार्य आयोग, उम्मेदवार र राजनैतिक दलको लागि मात्रै नभई आम मतदाताका लागि पनि हो। लोकतन्त्रको प्राण नै निर्वाचन हो। यसलाई संरक्षण गर्ने जिम्मेवारी आम मतदाताको भएकाले यस कार्यमा मन, वचन र कर्मले संलग्न रहन सार्वजनिक आह्वान गरिन्छ। (लेखक राष्ट्रिय सूचना आयोगका पूर्वप्रमुख आयुक्त तथा नेपाल सरकारका पूर्वसचिव हुनुहुन्छ)

## मालपोत प्रमुखलाई एक महिना कैद र पाँच हजार जरिवाना हुने आदेश

काठमाडौँ, २७ माघ (रासस)।

उच्च अदालत जनकपुरले भूमि सुधार मालपोत कार्यालयका धनुषाका प्रमुख प्रमुख गणेशप्रसाद अर्याललाई अदालतको अवहेलनामा एक महिना कैद र रु पाँचहजार जरिवाना हुने आदेश गरेको छ।

उच्च अदालत जनकपुरका कामु मुख्य न्यायाधीश टेकनारायण कुँवर र न्यायाधीश कृष्णप्रसाद सुवेदीको इजलासले अर्याललाई अदालतको अवहेनामा उक्त आदेश गरेको हो।

"अदालतको आदेशलाई अनदेखा गरी अदालतको अवहेलना गरेको देखियो, निज कार्यालय प्रमुखले अदालतको आदेशको परिपालना नगरेको यस अदालतमा पर्न आएका यस्तै प्रकृतिका अन्य निवेदनहरूमा समेत यस पूर्वअवहेलनामा कारबाही हुने ठहर्याई फैसला भएको छ", आदेशमा भनिएको छ, "विपक्षीलाई प्रस्तुत निवेदकको हकमा न्याय प्रशासन ऐन, २०६३ को दफा १७ उपदफा (४) एक महिना कैद र रु पाँचहजार जरिवाना हुने ठहर्छ।"

मालपोत प्रमुखविरूद्ध धनुषा निवासी राम रती देवीले व्यक्तिको जग्गा दर्ताका लागि निवेदन दिएको छ वर्षसम्म कुनै निर्णय नदिएपछि अदालतमा जग्गा दर्ता गराउन परमादेशको आदेशको माग गर्दै रिट निवेदन दायर गर्नुभएको थियो।

अदालतले रिट निवेदनमाथि सुनुवाइ गर्दै एक महिनाभित्र दर्ता गर्न परमादेश जारी गरेको थियो। तर मालपोले करिब डेढवर्षसम्म पनि अदालतको आदेशको अवज्ञा गरेपछि पीडितहरू फेरि अदालतमा आदेशको अवहेलनासम्बन्धी मुद्दा दायर गरेका थिए।

मातपोत कार्यालयले अदालतको आदेशको पनि पालना नगरेपछि पीडितहरू पुनः अदालतको अवहेलनासम्बन्धी मुद्दा लिएर गएपछि अहिले अदालतले मालपोत कार्यालय प्रमुख अर्याललाई कैद तथा जरिवाना हुने ठहर छ। अदालतको आदेश पटकपटक अवज्ञा गरेको उल्लेख गर्दै अदालतले कैद सजायसमेत गरेको छ।

यस्तै, अर्को निवेदक भएको मुद्दामा अदालतले उक्त मालपोत कार्यालयका प्रमुखलाई रु ५०० जरिवाना गरेको थियो। मालपोत कार्यालय प्रमुखले उचित कारणसहित पूर्व आदेश कार्यान्वयन गरेर अदालतलाई चित्तबुझ्दो हुने गरी निवेदन दिएमा सजाय माफी गर्न सकिनेसमेत आदेशमा छ। फौजदारी न्याय प्रणालीमा पटकपटक गल्ती दोहोऱ्याउँदै गएमा सजाय बढ्दै जाने कानुनी व्यवस्था छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

## सामाजिक सञ्जालको दुरुपयोग : अपराध अनुसन्धान र पत्रकारितामा चुनौती

काठमाडौँ, २७ माघ (रासस)।

प्रविधिको विकाससँगै सामाजिक सञ्जालको बढ्दो दुरुपयोगका कारण प्रहरी अनुसन्धान प्रक्रिया र पत्रकारिता पेसासमेत प्रभावित भएको भनी चिन्ता व्यक्त गरिएको छ।

नेपाल प्रहरी प्रधान कार्यालयमा सोमबार आयोजित अपराध अनुसन्धान र शान्ति सुरक्षामा सञ्चार माध्यमको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रममा वरिष्ठ प्रहरी अधिकारी एवं सञ्चारकर्मीहरूले यसतर्फ चिन्ता व्यक्त गर्दै सहयोग र सहकार्य हुनुपर्ने धारणा व्यक्त गर्नुभएको छ।

विद्युतीय अपराध न्यूनीकरण तथा सचेतना कार्यक्रममा सक्रिया अधिकारी तथा विज्ञहरूले आधुनिक सूचना प्रविधिको दुरपयोग गरी श्रव्यदृष्य सामगीसमेत तयार गरी सामाजिक सञ्जालमार्फत झुठा, काल्पनिक र असान्दर्भिक सूचना र समाचार सम्प्रेषण गरेर जनतालाई दिग्भ्रमित गर्नेहरूका विरुद्ध सहकार्य हुनुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले विद्युतीय अपराधसम्बन्धी अनुसन्धनान कार्य जटिल र चुनौतीपूर्ण बन्दै गइरहेको अवस्थामा छुट्टै युनिट गठन गर्नुपर्ने अवस्थामा प्रहरी पुगेको उल्लेख गर्दै विद्युतीय अपराध न्यूनीकरण तथा रोकथामका पक्षमा सहयोग गर्न सञ्चारकर्मीसँग अनुरोध गर्नुभयो।

नेपाल पत्रकार महासङ्घ अध्यक्ष निर्मला शर्माले सामाजिक सञ्जालको दुरुपयोग गरी समाजमा वितृष्णा फैलाउने तत्वका कारण सञ्चारकर्मी र अनुसन्धानमा संलग्न सुरक्षाकर्मी समेत अप्ठ्यारोमा परिरहेको विद्यमान अवस्थामा सहयोग र सहकार्यको विकल्प नरहेको धारणा व्यक्त गर्नुभयो।

विज्ञापन बोर्ड नेपालका अध्यक्ष लक्ष्मण हुमागाईंले कार्यपत्र प्रस्तुत गर्दै गलत समाचारका कारण स्वयं मूलधारका आमसञ्चारकर्मीसमेत प्रभावित भएको दृष्टान्त पेस गर्नुभयो।

प्रहरी अतिरिक्त महानिरीक्षक सुशीलसिंह राठौरले पछिल्ला दिनमा विद्युतीय अपराधसम्क्न्धी घटना बढेसँगै अनुसन्धान प्रक्रिया थप जटिल बनेको भनी चिन्ता व्यक्त गर्नुभयो। सो अन्तर्क्रिया कार्यक्रममा वरिष्ठ प्रहरी अधिकारी र मूलधारसम्बद्ध आमसञ्चारमाध्यमका सम्पादक तथा समाचारदाता गरी करिब १०० जनाको सहभागिता थियो।

# भ्रष्टाचार नियन्त्रणमा नेपाल स्थिर

काठमाडौं, २७ माघ (रासस)।

ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल (टिआई)ले सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सूचकाङ्क, २०२५ अनुसार नेपालले यस वर्ष पनि ३४ अङ्क प्राप्त गरेको छ। गत वर्ष जस्तै अङ्क कायम रहँदा भ्रष्टाचार नियन्त्रणको अवस्थामा उल्लेखनीय सुधार देखिन नसकेको सङ्केत सूचकाङ्कले दिएको छ।

विश्वका १८० देश समेटिएको सूचकाङ्कमा नेपाल १०० मध्ये ३४ अङ्कसहित मध्यमभन्दा कमजोर अवस्थामै रहेको छ। सूचकाङ्कअनुसार शून्य अङ्क अत्यधिक भ्रष्ट र १०० अङ्क अत्यन्त पारदर्शी मुलुकलाई जनाउँछ। टिआई नेपालले सार्वजनिक गरेको विवरणअनुसार नेपालका लागि सूचकाङ्क निर्धारण गर्दा विश्व बैङ्क, विश्व आर्थिक मञ्च, बर्टेल्सम्यान फाउन्डेसन, ग्लोबल इन्साइट, वर्ल्ड जस्टिस प्रोजेक्ट, भी -डेमलगायतका अन्तरराष्ट्रिय संस्थाका तथ्याङ्कलाई आधार बनाइएको छ।

दक्षिण एसियाली मुलुकहरूमध्ये भूटानले सबैभन्दा बढी ७१ अङ्क प्राप्त गरेको छ भने भारतले ३९, माल्दिभ्सले ३९, श्रीलङ्काले ३५, पाकिस्तानले २८, बङ्गलादेशले २४ र अफगानिस्तानले १६ अङ्क प्राप्त गरेका छन्। छिमेकी मुलुक चीनले ४३ अङ्क पाएको छ। भूटानबाहेक अधिकांश दक्षिण एसियाली देशमा भ्रष्टाचार गम्भीर समस्याका रूपमा कायम रहेको टिआईको निष्कर्ष छ। राजनीतिक अस्थिरता, कमजोर सुशासन, सार्वजनिक पदको दुरुपयोग, दण्डहीनता र पारदर्शिताको अभाव सूचकाङ्क सुधार नहुनुको प्रमुख कारणका रूपमा उल्लेख गरिएको छ।

प्रतिवेदनमा जनआन्दोलन, युवा सक्रियता र नागरिक दबाब बढ्दै गए पनि त्यसले ठोस नीतिगत तथा संरचनागत सुधारमा रूपान्तरण हुन नसकेको उल्लेख छ। सार्वजनिक सेवा प्रवाह, ठेक्का-पट्टा, कर प्रणाली र न्यायिक प्रक्रियामा अझै पनि भ्रष्टाचारको जोखिम उच्च रहेको टिआई नेपालको निष्कर्ष छ। टिआई नेपालले भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक इच्छाशक्ति, कानुनको पूर्ण कार्यान्वयन, स्वतन्त्र न्यायपालिका, पारदर्शी प्रशासन र नागरिक सहभागिता सुदृढ गर्नुपर्नेमा जोड दिएको छ। टिआईले विश्वभर व्याप्त भ्रष्टाचारको अवस्थाको मूल्याङ्कन गर्दै तयार पारेको सूचकाङ्कमा यस वर्ष १८२ देश समेटिएका छन्।

विश्वव्यापी औसत अङ्क गत वर्षको तुलनामा एक अङ्कले घटेर ४२ मा झरेको छ। सूचकाङ्कअनुसार १०० अङ्क अत्यन्त पारदर्शी र ० अङ्क अत्यधिक भ्रष्ट अवस्थालाई जनाउँछ। एक दशकअघि सूचकाङ्कमा ८० भन्दा बढी अङ्क प्राप्त गर्ने देशको सङ्ख्या १२ रहेकामा सन् २०२५ मा घटेर पाँचमा सीमित भएको छ। टिआईका अनुसार सन् २०१२ यता ५० भन्दा बढी देशमा भ्रष्टाचार नियन्त्रणको अवस्था कमजोर बन्दै गएको देखिन्छ भने सुधार देखाउने देशको सङ्ख्या ३१ मात्रै रहेको छ। समग्रमा विश्वका दुई तिहाइ देशले ५० भन्दा कम अङ्क प्राप्त गरेका छन्।

सूचकाङ्कमा डेनमार्क लगातार आठौं वर्ष पनि सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकका रूपमा ८९ अङ्कसहित शीर्ष स्थानमा छ। दक्षिण सुडान र सोमालिया समान नौ अङ्कका साथ सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकको सूचीमा छन्। टिआई नेपालका अध्यक्ष मदनकृष्ण शर्माले नेपालको अङ्क गत वर्ष जस्तै यस वर्ष पनि ३४ मा स्थिर रहनु सरकारहरूद्वारा भ्रष्टाचारविरुद्ध ठोस काम हुन नसकेको सङ्केत भएको बताउनुभयो। छवटा अन्तरराष्ट्रिय संस्थाबाट सन् २०२५ को अगस्तसम्मका सुशासनसम्बन्धी तथ्याङ्कलाई आधार मानेर नेपालको मूल्याङ्कन गरिएको हो।

अध्यक्ष शर्माका अनुसार नेपालमा भ्रष्टाचारकै कारण देशले ठूलो धनजनको क्षति व्यहोर्नु परेको, सुशासन कमजोर बनेको र नागरिकमा असन्तोष बढेको अवस्था छ। "यही पृष्ठभूमिमा हालै देखिएका जेनजी तथा युवा आन्दोलनहरू भ्रष्टाचारविरुद्ध केन्द्रित थिए," उहाँले भन्नुभयो, "भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक नेतृत्वको दृढ प्रतिबद्धता, कानुनको पूर्ण कार्यान्वयन, अन्तरराष्ट्रिय प्रतिबद्धता पालना र नियमनकारी निकाय सुदृढीकरण अपरिहार्य छ।"

पूर्वअध्यक्ष पद्मिनी प्रधानाङ्गले आगामी निर्वाचनमार्फत भ्रष्टाचारमा संलग्न नहुने, इमानदार र प्रतिबद्ध नेतृत्व चयन गर्नु आजको आवश्यकता रहेकामा जोड दिनुभयो। टिआई नेपालका महासचिव सागरराज शर्माले नेपाल भ्रष्टाचार निरवारणको क्षेत्रमा सफल हुन नसकेको उल्लेख गर्दै आगामी दिनमा भ्रष्टाचार निवारणका लागि सबै क्षेत्रबाट पहल गर्न आवश्यक रहेकोमा जोड दिनुभयो।

# सरकारले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान घटायो

काठमाडौँ, २७ माघ (रासस)।

चालू आर्थिक वर्ष २०८२/८३ को बजेटको अर्धवार्षिक समीक्षामार्फत सरकारको आय र व्ययको अनुमान घटाइएको छ। अर्थ मन्त्रालयले मंगलबार चालु आर्थिक वर्षको बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्दै आम्दानी र खर्च दुवैको अनुमान घटाएको हो।

चालु आर्थिक वर्षका लागि सरकारले रु १९ खर्ब ६४ अर्ब ११ करोड बराबर बजेट विनियोजन गरेको थियो। जसमध्ये चालुगततर्फ रु ११ खर्ब ८० अर्ब ९८ करोड, पुँजीगत शीर्षकमा रु चार खर्ब सात अर्ब ८८ करोड ८० लाख र वित्तीय व्यवस्था शीर्षकमा रु तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख बराबर सुरुआती विनियोजन रहेको थियो।

संशोधित अनुमानअनुसार यस वर्ष चालु खर्च रु ११ खर्ब २५ अर्ब ९७ करोड ९४ लाख, पुँजीगत खर्च रु दुई खर्ब ४३ अर्ब ३० करोड ३४ लाख र वित्तीय व्यवस्था रु तीन खर्ब १९ अर्ब चार करोड ३९ लाख बराबर मात्रै खर्च हुने देखिएको छ। कुल बजेट खर्च रु १६ खर्ब ८८ अर्ब ३२ करोड ६७ लाख खर्च हुने संशोधित अनुमान छ। यो रकम सुरु विनियोजनको ८५ दशमलव ९६ प्रतिशत हो। अर्थात् सुरुआती विनियोजनको तुलनामा कुल संशोधित बजेट खर्च १४ दशमलव ०६ प्रतिशत बिन्दुले घट्ने देखिएको छ।

चालु आर्थिक वर्ष २०८२/८३ मा कुल बजेट १९ खर्ब ६४ अर्ब ११ करोडमध्ये रु १४ खर्ब ८० अर्ब राजस्व स्रोत परिचालन हुने अनुमान रहेको छ। उक्त कुल अनुमानित राजस्वमध्ये सङ्घीय सरकारको बजेट प्रयोजनका लागि रु १३ खर्ब १५ अर्ब प्रयोग हुने र बाँकी रु एक खर्ब ६५ अर्ब राजस्व बाँडफाँटको माध्यमबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुमान छ। यसअनुसार सङ्घीय सरकारको कुल बजेटमा राजस्वको योगदान करिब ६७ दशमलव ४९ प्रतिशत रहने अनुमान छ।

चालु आर्थिक वर्ष २०८२/८३ को राजस्व प्राप्तिको अनुमानमा कर राजस्वको अंश रु १३ खर्ब २५ अर्ब ५८ करोड ३९ लाख अर्थात् ८९ दशमलव ५७ प्रतिशत र अन्य राजस्व (गैरकर) को अंश रु एक खर्ब ५४ अर्ब ४१ करोड ६१ लाख अर्थात् १० दशमलव ४३ प्रतिशत रहेको छ। यसमा प्रत्यक्ष कर रु चार खर्ब सात अर्ब दुई करोड ९२ लाख र अप्रत्यक्ष कर रु नौ खर्ब १८ अर्ब ५५ करोड ४५ लाख रहेको छ। यस हिसाबले हेर्दा जम्मा कर राजस्वमा प्रत्यक्ष करको हिस्सा ३० दशमलव ७० प्रतिशत र अप्रत्यक्ष करको हिस्सा ६९ दशमलव ३० प्रतिशत रहेको छ।

चालु आर्थिक वर्षमा ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने र उपभोक्ता मुद्रास्फीतिलाई साढे पाँच प्रतिशतमा सीमित राख्ने लक्ष्यका साथ बजेटको संशोधित अनुमान गरिएको अर्थ मन्त्रालयले जनाएको छ। गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपश्चात् सिर्जना भएको असामान्य परिस्थिति, आयोजनाको पुनः प्राथमिकीकरण र खर्च कटौती गर्ने मन्त्रिपरिषद्को निर्णयलाई संशोधित अनुमानको आधार मानिएको छ।

त्यस्तै, आगामी प्रतिनिधि सभाको निर्वाचन खर्च, सामाजिक सुरक्षा, कर्मचारीको महँगी भत्ता र आन्दोलनका घाइते तथा मृतकका परिवारलाई दिनुपर्ने राहतका कारण चालु खर्चमा चाप बढेको प्रतिवेदनमा उल्लेख छ।

"आयोजनाको पूर्वतयारीको अभाव, जग्गा प्राप्ति र वन क्षेत्रको प्रयोगमा जटिलता र निर्माण व्यवसायीलाई भुक्तानीमा भएको ढिलाइले गर्दा पुँजीगत खर्चको गुणस्तर अपेक्षाकृत सुधार हुन सकेको छैन", प्रतिवेदनमा भनिएको छ। आन्दोलनबाट क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण, निर्माणाधीन रणनीतिक आयोजनाको भुक्तानी र अनिवार्य दायित्व (तलब, भत्ता, पेन्सन) लाई खर्चको मुख्य प्राथमिकतामा राखिएको जनाइएको छ।

पूर्वतयारी नभएका, टुक्रे आयोजना र प्रतिफल सुनिश्चित नभएका अनुत्पादक कार्यक्रमहरूको बजेट रोक्का गरी प्राथमिकता प्राप्त आयोजनामा रकमान्तर गर्ने नीति लिइएको पनि अर्थ मन्त्रालयले जनाएको छ। त्यस्तै, बैठक भत्ता उपलब्ध नगराउने, बाह्य परामर्श सेवा नलिने, वैदेशिक भ्रमण नियन्त्रण गर्ने र नयाँ दरबन्दी सिर्जना नगर्ने जस्ता उपायहरुद्वारा चालु खर्च नियन्त्रण गर्ने लक्ष्य राखिएको उल्लेख छ।

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सुरक्षा निकाय र निर्वाचन आयोगलाई आवश्यक पर्ने बजेटको स्रोत सहमति र व्यवस्थापनलाई उच्च प्राथमिकता दिइएको छ। वैदेशिक सहायता प्राप्तिमा देखिएको न्यूनता र राजस्व सङ्कलनको चापलाई मध्यनजर गर्दै आन्तरिक स्रोत (राजस्व र आन्तरिक ऋण) को अधिकतम उपयोग गरी बजेट सन्तुलन कायम गर्न खोजिएको पनि अर्थ मन्त्रालयले जनाएको छ। बजेट प्रणालीलाई नतिजामुखी बनाउन आयोजना बैङ्कको कार्यान्वयन, डिजिटल भुक्तानी प्रणालीको विस्तार र सार्वजनिक खरिद कानुनमा समसामयिक सुधार गरिने जनाइएको छ।

# चुनावी सुरक्षाका लागि सतर्क रहन प्रधानमन्त्रीको निर्देशन

काठमाडौँ, २७ माघ (रासस)।

प्रधानमन्त्री सुशीला कार्कीले चुनावी सुरक्षामा कति पनि चुक्न नदिनेतर्फ सतर्क रहन सुरक्षा फौजलाई निर्देशन दिनुभएको छ।

महाशिवरात्रि तथा सेना दिवसको पूर्वसन्ध्यामा सैनिक मुख्यालय जङ्गी अड्डामा मंगलबारदेखि सुरु भएको पृतनापति समन्वयात्मक बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले विगतमा सुरक्षा संयन्त्रहरूबीच समन्वयमा कतै त्रुटि र रिक्तता भएका रहेछन् भने अब त्यो अवस्था दोहोरिन नदिन सुझाव दिनुभयो।

प्रधानमन्त्री कार्कीले भन्नुभयो, "यस निर्वाचनलाई सुरक्षित तवरले सम्पन्न गर्न यसअघिका चुनावको समेत अनुभव र आसन्न चुनावका विविध आयामबाट विश्लेषण गरी सुरक्षा संवेदनशीलताका आधारमा सबै सुरक्षा निकायसँग समन्वय गरी त्रुटिरहित ढङ्गले काम गर्नुहोस्।"

निर्वाचनलाई सुरक्षित वातावरणमा सम्पन्न गर्न नेपाल सरकारबाट स्वीकृत भएको 'प्रतिनिधि सभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजना, २०८२' अनुसार नेपाली सेनालाई प्राप्त जिम्मेवारीहरू उत्कृष्ट ढङ्गबाट सम्पादन गर्नेमा आफू पूर्ण विश्वस्त रहेको प्रधानमन्त्री कार्कीले स्पष्ट पार्नुभयो। जनतालाई सुरक्षाको प्रत्याभूति दिँदा तथा सबै राजनीतिक दलका राजनीतिक गतिविधिलाई बिनाअवरोध सञ्चालन गर्ने वातावरण सृजना गर्न आग्रह गर्दै उहाँले अन्य निकायसँगको सहकार्यमा स्पष्ट कार्ययोजनासहित अघि बढ्न निर्देशन दिनुभयो।

## विश्व समाचार

### जापानमा भारी हिमपात, ४६ जनाको मृत्यु

ओमोरी (जापान), २७ माघ (रासस/एएफपी)।

जापानमा लगातार तीन हप्ताको भारी हिमपातका कारण ४६ जनाको मृत्यु हुनुका साथै ५५८ जना घाइते भएको फायर एण्ड डिजास्टर म्यानेजमेन्ट एजेन्सीको ताजा तथ्याङ्कले मङ्गलबार देखाएको छ। जनवरीको अन्त्य देखि जारी हिमपातले उत्तरी समुदायहरूलाई चरम दोहन गर्नुका साथै ट्राफिक जन्य समस्या निम्त्याएको जनाइएको छ। प्रहरी र स्थानीय अधिकारीहरूका अनुसार बासिन्दाहरू हिउँलाई सफा गर्ने प्रयासमा दुर्घटना हुँदा घातक दुर्घटना भएका छन्। जापान मौसम विज्ञान एजेन्सीका अनुसार उत्तरी क्षेत्रीय केन्द्र आओमोरीका बासिन्दाहरूले भारी हिमपात ( चार फिटभन्दा बढी) को सामना गर्नु परेको छ।

### बङ्गलादेशको निर्वाचनमा सुरक्षा खतरा छैन : निर्वाचन आयोग

ढाका, २७ माघ (रासस/एएनआई)।

बङ्गलादेशको संसदीय चुनावको मतदान दिन नजिकै जाँदा निर्वाचन अधिकारीहरू तथा राजनीतिक उम्मेद्वारहरूले मतदान तालिका, अभियान गतिविधि लगायतका प्रमुख घटनाक्रमहरूले तिव्रता पाएको जनाइएका छन्। बङ्गलादेश निर्वाचन आयोग सचिवालयका वरिष्ठ सचिव अख्तर अहमदले मतदान अघि सुरक्षा र गलत सूचना सम्बन्धी चिन्ताहरूलाई सम्बोधन गर्नु भएको छ। अख्तर अहमदलाई उदृत गर्दै एएनआइले अगामी फेब्रुअरी- १२ तारिखको बिहान ७.३० देखि मतदान सुरु गर्ने तयारी भईसकेको जनाएको छ। सुरक्षा सम्बन्धी चिन्तालाई सम्बोधन गर्दै अख्तर अहमदले भन्नु भयो मेरो बुझाइमा, त्यहाँ कुनै सुरक्षा खतरा तथा सुरक्षा चिन्ता छैन, सबै कुरा व्यवस्थित छ।"

उहाँले गलत सूचनासँग सम्बन्धित चिन्ताहरूलाई उजागर गर्दै गलत सूचनाले समस्या सिर्जना गर्न सक्ने बताउदै यो डर नभई चिन्ताको विषय भएको उल्लेख गर्नु भएको छ।

मतदानको मिति नजिकिँदै जाँदा, उम्मेदवारहरूले घरदैलो अभियान र्याली, सार्वजनिक सम्बोधन, लगाउतका प्रयासहरू तीव्र परेका छन् भने राजनीतिक अभियान अन्तिम चरणमा प्रवेश गरेको छ। बङ्गलादेशको निर्वाचन कानुन अन्तर्गत मतदान सुरु हुनु भन्दा ४८ घण्टा अघि आधिकारिक प्रचार अभियान समाप्त हुन्छ। मतदान फेब्रुअरी- १२ बिहान ७.३० बजे सुरु हुने र प्रचार अभियान फेब्रुअरी-१०को साँझ ७.३० बजे समाप्त हुने जनाइएको छ। चुनाव प्रचारको अन्तिम समयमा ढाका-१३ निर्वाचन क्षेत्रका लागि बङ्गलादेश राष्ट्रवादी पार्टीका उम्मेदवार बबी हजाजले मतदाताको उत्साहजनाक सहभागिताबारे आशा व्यक्त गर्नु भएको छ। बङ्गलादेशमा सन् २०२४ जुलाईको विद्रोह पछि व्यापक राजनीतिक अस्थिरताको बीचमा हाल संसदीय चुनाव हुन गइरहेको छ।

### खामेनीद्वारा एकताको आह्वान

तेहरान, २७ माघ (रासस/एएनआई)।

इस्लामिक क्रान्तिका नेता आयातोल्ला सैय्यद अली खामेनीले इस्लामिक क्रान्तिको वार्षिकोत्सवको अवसरमा इरानी राष्ट्रलाई एकता र दृढ सङ्कल्प प्रदर्शन गर्न आग्रह गर्नुभएको छ। यस्तो राष्ट्रिय स्थिरताले देशका शत्रुहरूलाई निराश पार्ने उहाँको भनाइ रहेको इरानी राज्य प्रसारणकर्ता प्रेस टिभीले जनाएको छ। इस्लामिक क्रान्तिको ४७औँ वार्षिकोत्सव मनाउन फेब्रुअरी ११ का लागि तय गरिएको र्यालीअघि जारी गरिएको टेलिभिजन सन्देशमा आयातोल्ला खामेनीले यस अवसरलाई इरानको शक्ति, गरिमा र सामूहिक दृढताको प्रभावशाली प्रदर्शनको रूपमा चित्रण गर्नुभएको छ।

"बहमान २२ (फेब्रुअरी ११) हरेक वर्ष इरानी राष्ट्रको शक्ति र मर्यादा उजागर हुने दिन हो", उहाँले भन्नुभयो। उहाँले इरानी जनतालाई दृढ, लचिलो, प्रशंसनीय र आफ्नो परिस्थितिबारे पूर्ण रूपमा सचेत राष्ट्रको रूपमा वर्णन गर्नुभयो। उहाँले ११ फेब्रुअरी १९७९ मा इरानले 'विदेशी हस्तक्षेप' बाट आफूलाई मुक्त गर्दै 'ठूलो विजय' हासिल गरेको स्मरण गराउनुभयो। तर त्यसयता बाह्य शक्तिहरूले ती उपलब्धिहरूलाई उल्ट्याउने प्रयास निरन्तर गरिरहेको उहाँको भनाइ छ। यस ऐतिहासिक पृष्ठभूमिमा जोड दिँदै आयातोल्ला खामेनीले 'इरानी राष्ट्र दृढतापूर्वक उभिएको छ' भनेर पुनः पुष्टि गर्नुभयो। "यस स्थिरताको प्रतीक बहमान २२ हो", उहाँले भन्नुभयो।

उहाँले वार्षिक वार्षिकोत्सव र्यालीहरूलाई 'अतुलनीय' भन्दै अन्य कुनै पनि देशले हरेक वर्ष यति व्यापक र निरन्तर सार्वजनिक सहभागितासहित आफ्नो स्वतन्त्रता मनाउने उदाहरण नदेखिने बताउनुभयो। "यी र्यालीहरूले 'इरान र यसको हितमाथि लोभ राख्नेहरूलाई पछि हट्न बाध्य पार्छन्", उहाँले स्पष्ट पार्नुभयो। यसले बाह्य महत्त्वाकांक्षालाई रोक्ने महत्त्वपूर्ण भूमिका खेल्ने उहाँको भनाइ छ।

राष्ट्रिय शक्तिको वास्तविक आधारबारे उल्लेख गर्दै आयातोल्ला खामेनीले 'राष्ट्रिय शक्ति मिसाइल र विमानभन्दा पनि राष्ट्रहरूको इच्छा र उनीहरूको दृढतासँग बढी सम्बन्धित हुन्छ' भन्नुभयो। उहाँले नागरिकहरूलाई जीवनका सबै क्षेत्रमा सङ्कल्प कायम राख्न आग्रह गर्नुभयो। "शत्रुलाई निराश पार्नुहोस्", उहाँले भन्नुभयो। विरोधीहरू निरुत्साहित नभएसम्म राष्ट्र जोखिममा रहन सक्ने उहाँको चेतावनी थियो। उहाँले एकता, बलियो इच्छाशक्ति, प्रेरणा र बाह्य दबाबको प्रतिरोधलाई इरानको राष्ट्रिय शक्तिलाई आधार दिने मुख्य स्तम्भका रूपमा पहिचान गर्नुभयो। आयातोल्ला खामेनीले देशका युवाहरूले विज्ञान, नैतिक आचरण, भौतिक तथा आध्यात्मिक विकास दुवै क्षेत्रमा अग्रसर हुँदै जाने अपेक्षा व्यक्त गर्नुभयो। यसले राष्ट्रिय गौरव थप मजबुत बनाउने उहाँको विश्वास छ।

फेब्रुअरी ११ का र्यालीहरूले यी गुणहरूको प्रतिबिम्ब प्रस्तुत गर्ने उहाँले बताउनुभयो। नागरिकहरू एकता, इस्लामिक गणतन्त्रप्रति निष्ठा र राष्ट्रप्रतिको समर्पण देखाउन सडकमा उत्रिने अपेक्षा गरिएको छ। उहाँले यस वर्षको वार्षिकोत्सव कार्यक्रमहरूले विगतका वर्षहरूमा देखिएको ढाँचाअनुसार इरानको अन्तर्राष्ट्रिय र आन्तरिक स्थिति अझ सुदृढ बनाउने आशा पनि व्यक्त गर्नुभयो।

# जसपा नेपालका केन्द्रीय सदस्य यादव रास्वपामा प्रवेश




**दैनिक समाचारदाता**
**राजविराज, २७ माघ ।**
जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य बालकिशोर यादव मंगलबार राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरेका छन् ।

सप्तरीको क्षेत्र नं. ४ बोदेबर्साईन घर भएका यादव जसपा नेपालबाट २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनका प्रत्यासी हुन् ।

राष्ट्रिय स्वतन्त्र सप्तरी क्षेत्र ४ का उम्मेदवार सिताराम साहले बोदेबर्साईनस्थित पार्टी कार्यालय घण्टी घरमा केन्द्रीय सदस्य यादवलगायत दुई सय जनालाई फूलमाला अबिर लगाएर पार्टी प्रवेश गराएका छन् ।

उनीसँगै बोदेबर्साईन ३ भई राष्ट्रिय एकता पार्टीबाट दोस्रो संविधानसभाका प्रत्यासी कृषनन्दन यादव पनि रास्वपामा प्रवेश गरेका हुन् ।

यसअघि, मधेसी निजामति कर्मचारी मञ्चका पूर्वउपाध्यक्ष तथा नेपाल निजामति कर्मचारीहरूको आधिकारिक ट्रेड यूनियन सिरहाका पूर्वअध्यक्ष अम्रेन्द्र यादवले पनि रास्वपामा प्रवेश गरेका छन् । बोदेबर्साईन १ धनगढीका यादवसँग असर्फी यादवलगायत रास्वपामा प्रवेश गरेका हुन् । उनीहरूलाई जेनजी अगुवा तथा रास्वपाका केन्द्रीय सदस्य पुरूषोत्तम यादवले फूलमाला अबिर लगाएर पार्टी प्रवेश गराएका थिए ।

### कांग्रेसले चुनाव ...

उनले अहिलेको निर्वाचन योजना र सोचे अनुसारको नभएर जेनजी आन्दोलनको उपज भएकाले युवाहरुको माग सम्बोधन गर्न कांग्रेस बदलिएर आएको र देशपनि कांग्रेसले नै बदल्ने दावी गरे ।

संविधानलाई तलमाथि हुन नदिने र संविधान भित्र सबैलाई मिलाएर लैजान कांग्रेस प्रतिबद्ध रहेको बताउदै संविधानलाई संशोधन गरेर प्रदेश लगायत सबै वर्ग समुदायको अधिकारलाई थप बलियो बनाउने उद्घोष गरे ।

सभापति थापा सप्तरीको क्षेत्र नं. १ अन्तर्गत कंचनरुप नगरपालिका, क्षेत्र नं. ३ अन्तर्गत रुपनी, शम्भुनाथ नगरपालिका स्थित कठौना र क्षेत्र नं. ४ अन्तर्गत सुरुडा नगरपालिकामा कार्यकर्ता भेटघाट गरेका छन् ।

कार्यक्रममा कांग्रेसबाट निर्वाचन क्षेत्र नं. १ का उम्मेदवार रामदेव साह, क्षेत्र नं. २ का उम्मेदवार रामकुमार यादव, क्षेत्र नं. ३ का उम्मेदवार दिनेश कुमार यादव र क्षेत्र नं. ४ का उम्मेदवार तेजुलाल चौधरीसहित पार्टीका नेता तथा कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय राजविरज ,सप्तरी

प.नं.०८२/०८३
च.नं. ४५९५

मितिः-२०८२।१०।२५

विषयः-३५ दिने हक दावी सम्वन्धि सार्वजनिक सुचना ।

रैति न.१० को रैति महगु मंडलको नाममा दर्ता रहेको साविक प्रगन्ना जगदर मौजे रामपुरा हाल तपसिल वमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स.सखडा वार्ड नं.९ हाल परिवर्तितत छिन्नमस्ता गा.पा.वार्ड नं.२ वस्ने स्व.महगु मंडलको नाति स्व.वच्चा मंडलको छोरा शिव नारायण मंडलले यस कार्यालयमा द.नं.८४८४ मिति २०८२।८।२९ गतेमा निवेदन परी हक दावी सम्वन्धित सार्वजनीक सुचना प्रकाशित गर्न मिति २०८२।१०।२५गतेमा आदेश भए वमोजिम यो ३५ दिने हक, दावी सम्वन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक वाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सवुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स प्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला । म्याद भित्र कसैको हक दावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी वमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ काननु बमोजिम कार्यवाहि भै जाने छ । यस सम्वन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराइन्छ ।

तपसील

| सा.कि.न. | गा.वि.स. | वार्ड नं. | हा.कि.न. | क्षेत्रफल | तर्फ | साविक दर्तावाला | कैंफियत |
|---|---|---|---|---|---|---|---|
| ९२० | सखडा | ९(क) | ४९ | ०-४-५ | ससीम | स्व.महगु मंडलको नाउँमा २००४ सालमा नापी भएको सो जग्गा २०२२ सालमा बच्चा मंडलको नाउँमा कायम रहेको | फिल्डवुकको जग्गाधनी महलमा किसानको महलम र कैंफियत महलमा प सख डा वार्ड नं.९ वस्ने बच्चा मंडल कायम रहेको । |
| ८३,७४,३३२, ३३३,७९० | सखडा | ८(ख) | २७ | २-२-७ | २-२-७ मध्ये पूर्व तर्फ सो १-७-० | स्व महगु मंडलको नाउँमा २००४ सालमा नापी भएको सो जग्गा २०२२ सालमा बच्चा मंडलको नाउँमा कायम रहेको | फिल्डबुकको जग्गाधनी महलमा किसानको महलम र कैंफियत महलमा प सख डा वार्ड नं.९ वस्ने बच्चा मंडल कायम रहेको । |


# रामेछाप बस दुर्घटनामा मृतक १० जनाको सनाखत

रामेछाप, २७ माघ (रासस) ।
रामेछाप सदरमुकाम मन्थली नजिक बस दुर्घटना हुँदा ज्यान गुमाएका १२ जनामध्ये १० जनाको सनाखत गरिएको छ ।

मृत्यु हुनेमा रामेछापको लिखु तामाकोशी गाउँपालिका-७ का ३८ वर्षीय भीमबहादुर तामाङ, सोही वडाकी ३५ वर्षीया सानुमाया तामाङ, २६ वर्षीया रमिता तामाङ र ३१ वर्षीया तारा तामाङ, लिखु तामाकोशी-४ की २२ वर्षीया बबी तामाङ र २६ वर्षीय दीपेन्द्र बस्नेत, लिखु तामाकोशी-६ का दीपेश बस्नेत र लिखु-६ की ४५ वर्षीया मानकुमारी बरुवाल, सिन्धुलीको गोलन्जोर गाउँपालिका-६ का ३४ वर्षीय शिव श्रेष्ठ र दोलखाको भीमेश्वर नगरपालिका-८ का ६० वर्षीय मानबहादुर तामाङ रहेका मन्थली अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा केशवसिंह धामीले जानकारी दिनुभयो । मृतक दुई जनको सनाखत हुन बाँकी रहेको उहाँले बताउनुभयो ।

रामेछापका प्रहरी नायब उपरीक्षक भोला भट्टका अनुसार उक्त दुर्घटनामा बसका चालकसहित ८ जना घाइते भएका थिए । घाइतेको खुर्कोटस्थित शुभ जीवन अस्पताल, मन्थली अस्पताल र तामाकोशी अस्पतालमा उपचार भइरहेको छ । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको उहाँले बताउनुभयो । बसका बाँकी यात्रुको अझै खोजतलाश जारी रहेको प्रहरीले जनाएको छ ।

काठमाडौँबाट ओखलढुङ्गा जाँदै गरेको अरनिको यातायातको प्रदेश ०३-०१-००५ ख ९९७५ नम्बरको बस मंगलबार बिहान रामेछाप मन्थली नगरपालिका-६ मसानटारस्थित सडकबाट करिब एक सय मिटर तल तामाकोशी नदीमा खसेको हो ।

# सिरहा कारागारभित्र कटुवा पेस्तोल र गोली बरामद, नाइकेसहित १३ जना नियन्त्रणमा

सिरहा, २७ माघ (रासस) ।
सिरहा सदरमुकामस्थित कारागारभित्र एक थान कटुवा पेस्तोल र दुई थान गोली बरामद भएपछि नाइकेसहित १३ जनालाई नियन्त्रणमा लिइएको छ ।

जिल्ला सुरक्षा समितिले सोमबार गरेको विशेष अनुगमनका क्रममा कारागारभित्र 'नाइके' भनिने इन्द्रजित यादवको साथबाट उक्त हतियार बरामद गरिएको हो ।

प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलका अनुसार आइतबार नाइके यादवको समूहले अन्य १० जना कैदीबन्दीलाई कुटपिट गरी कारागारबाट बाहिर निकालेका थिए । गोप्य सूचनाका आधारमा सोमबार सुरक्षा समितिले कारागारभित्र खानतलासी गर्दा हतियार फेला परेको हो ।

घटनामा संलग्न रहेको आरोपमा नाइके यादवसहित १३ जनालाई कारागारबाट झिकेर प्रहरी हिरासतमा राखिएको प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हामीले उनीहरूलाई कारागारबाट झिकेर हिरासतमा राखेका छौँ, उनीहरूलाई अन्यत्र कारागारमा पठाउने तयारी भइरहेको छ ।"

नाइके यादव पक्राउ परेपछि कारागारभित्र रहेका निजका समर्थकहरूले नाराबाजी गर्दै आगजनी र तोडफोडसमेत गरेका छन् । सुरक्षा स्थितिलाई नियन्त्रणमा लिन थप सतर्कता अपनाइएको प्रशासनले जनाएको छ । एक सय ५० जनाको क्षमता रहेको कारागारमा हाल ४३७ जना कैदीबन्दी रहेका छन् । क्षमताभन्दा बढी कैदीबन्दी भएकै कारण यसअघि गत साउनमा पनि कैदीबन्दीबीच झडप हुँदा १३ जना घाइते भएका थिए ।

# वीरगन्जमा सशस्त्र प्रहरीमाथि आक्रमण गर्ने चार पक्राउ

**दैनिक समाचारदाता**
**पर्सा, २७ माघ ।**
जिल्ला प्रहरी कार्यालयले वीरगनजको अवैध गोदाममा छापा मार्न जाँदा सशस्त्र प्रहरीमाथि आक्रमण गर्ने चार जनालाई पक्राउ गरेको छ ।


वीरगन्ज भन्सार कार्यालय र सशस्त्र प्रहरी बलले सोमबार वीरगन्जको आदर्शनगरथित अवैध गोदाममा छापा मार्ने क्रममा स्थानीय व्यापारी समूहको आक्रमणबाट तीन जना सशस्त्र प्रहरी घाइते र सशस्त्र प्रहरीका दुईवटा सवारीसाधनमा क्षति पुगेको थियो ।

पर्सा प्रहरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले सशस्त्र प्रहरीमाथि आक्रमण गर्ने चार जनालाई सोमबार रातिसम्म पक्राउ गरिएको जानकारी दिए ।

संयुक्त टोलीले भन्सार छली गरेर सामान भित्रचाएको आशङ्कामा आदर्शनगरस्थित मदनप्रसाद गुप्ताको घरमा अवैध रूपले गोदाम गरी राखिएको कपडा बरामद गर्ने क्रममा झडप भएको हो । सो ठाउँबाट सशस्त्र प्रहरीले करिब रु १२ लाख ५० हजार मूल्यका सामान बरामद गरेको जनाएको छ ।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np